# नेपाल राष्ट्र बैंक

## विदेशी विनिमय व्यवस्थापन विभाग

# नगद विदेशी मुद्रा नेपालमा भित्र्याउने र नेपालबाट बाहिर लैजाने सम्बन्धी सूचना

नगद विदेशी मुद्रा नेपालमा भित्र्याउने र नेपालबाट बाहिर लैजाने सम्बन्धमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ र दफा १२ का व्यवस्थाहरू र सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा २९क. को व्यवस्थाको आधारमा यस बैंकबाट मिति २०७५/०३/३२ र २०७५/१२/२६ मा सूचना प्रकाशन गरिएको व्यहोरा विदितै छ ।

यस बैंकबाट प्रकाशित उल्लिखित सूचनाहरू बमोजिम नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी डलर ५,००० सम्म (भारतीय रुपैयाँको हकमा अमेरिकी डलर ५,००० बराबर हुन आउने भारतीय रुपैयाँसम्म र यस बैंकबाट विनिमय दर प्रकाशन नहुने अन्य विदेशी मुद्राको हकमा समेत अमेरिकी डलर ५,००० बराबरसम्म) भन्सार घोषणाविना नेपालमा भित्र्याउन सक्ने र सोभन्दा बढी रकमको हकमा भने भन्सार घोषणा गरी प्रमाणित गराउनुपर्ने व्यवस्था रहेको हुँदा यस बैंकबाट मिति २०७५/०३/३२ र २०७५/१२/२६ मा प्रकाशित सूचनाहरू बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो सूचना पुनः प्रकाशन गरिएको छ ।

मिति २०८२/०९/२८ को नेपाल राजपत्रमा प्रकाशित सूचना (खण्ड ७५, संख्या ५७, भाग ५) बमोजिम कसैले पनि सन् २०१६ नोभेम्बर ९ भन्दा अगाडि चलनचल्तीमा रहेका भारतीय रुपैयाँ ५०० र १००० दरका नोटको कारोबार गर्न नपाइने व्यवस्था रहेको छ । सन् २०१६ नोभेम्बर ९ देखि निष्कासन भई चलनचल्तीमा रहेका भा.रु. २०० र ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रतिव्यक्ति भारतीय रुपैयाँ २५,००० को सीमासम्म प्रचलित व्यवस्थाबमोजिम ल्याउन, लैजान तथा सटही गर्न सकिने व्यवस्था गरिएको छ । साथै, नेपाली नागरिकले भारतबाहेक अन्य मुलुकमा भारतीय रुपैयाँ लैजान वा अन्य मुलुकबाट भारतीय रुपैयाँ नेपाल ल्याउन नपाउने व्यवस्था रहेको व्यहोरासमेत पुनः जानकारी गराइन्छ ।

**नोटः** यसै विषयसँग सम्बन्धित मिति २०८२/०५/१० मा प्रकाशित सूचना खारेज गरिएको छ ।